आज मिति २०७२।११।१२ गते का दिन यस चौदण्डीगढी नपा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर बोर्डको नियमित बैठक तपसिलको उपस्थिति बसियो ।

तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कार्की - सदस्य
१४. श्री जानुका कमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमिला पजुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,
२१. श्री शिव प्रसाद ढुमेगाई - प्रमुख प्रशासकीय अधिकृत
२२. श्री तारा किरण राई लेखा अधिकृत
२३. श्री त्रि ब० वि.के. कारिन्दा

प्रस्तावहरु

१. वडा नं. ९ केशव खड्काको माग सम्बन्धमा ।
२. वडा नं. ८ को माग सम्बन्धमा ।
३. किरात राई यायोक्खाको माग सम्बन्धमा ।
४. चौदण्डीगढी मिडिया प्रा० लि० को माग सम्बन्धमा ।
५. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धमा ।

६, वडा नं. ३ को भलिबल प्रतियोगिता सम्बन्धमा ।
७, प्रजातन्त्र दिवशको खर्च भुक्तानी सम्बन्धमा ।
८, बेठी सम्मेलन खर्च सम्बन्धमा ।
९, तालीम संचालन सम्बन्धमा ।
१०, साझा लाइनको बाटो सम्बन्धमा ।
११, उपमेयर ब्याडमिन्टन प्रतियोगिता सम्बन्धमा ।
१२, आर्थिक सहयोग सम्बन्धमा ।
१३, सामाजिक सुरक्षा लाभ ग्राहीको मृत्युभएमा काज क्रिया खर्च बारे (६० वर्ष भन्दा माथि)

छलफल तथा निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ६ बस्ने केशव खड्काले वैदेशीक रोजगार बाट फर्केर आई व्यावसायिक बाख्रा फारम संचालन गरि रहनु भएकोमा निजको घरको आर्थिक अवस्था अत्यन्त कमजोर भइ आधुनिक गोठ निर्माण गर्न नसकि न.पा. मा सहयोग माग गरेको हुँदा निजको गोठ फारमलाई थप व्यवसायिक बनाउने सहयोग पुर्‍याउने उद्देश्यले यस न.पा. को भौतिक पूर्वाधार शीर्षक बाट अनुदान बापत रु. ७,००,०००।- (सात लाख) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

नि. नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ८ को डहर सालघारी हुँदै सुधान्दरी भञ्ज्याङ सम्म मोटर बाटो निर्माणको लागि प्रदेश सरकार बाट बाट बजेट विनियोजन भएकोमा उक्त बाटो भन्दा पुरानो सावकेको बाट बढी प्रभावकारी हुन देखिएको हुँदा स्थानीयको माग बमोजिम प्रदेशको रकमबाट नै उक्त बाटो निर्माण गर्ने अन्यथा यस नगरपालिकाको श्रोत बाट उक्त बाटो निर्माण गर्न निर्णय गरियो ।

नि. नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा किरात राई यायोक्खा जिल्ला कार्य समिति उदयपुरको माग बमोजिम किरात राई यायोक्खाको १० औं केन्द्रिय महाधिवेशनको सहयोगार्थ रु. ३०,०००।- तीस हजार न.पा. को संस्कार संस्कृति प्रवर्द्धन शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा चौदण्डीगढी — मिडिया प्रा० लि० बेलटारका अध्यक्ष राजेन्द्र दुग्डको माग बमोजिम पत्रकारिता तालिम संचालनको लागी यस न.पा.को स्कू.ए. संचालन तथा संस्था प्रवर्द्धन शीर्षक बाट रु. २००,०००।- उपलब्ध गराउने निर्णय गरियो (१० वटै वडाहरुको समेत)

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा बाबुराम खत्री सप्तकोशी न.पा. १, फत्तेपुरको माग बमोजिम यस न.पा.को वडा नं. बस्ने हरिराज तामाङ, मन कुमारी तामाङ, बाल कुमारी ~~तामाङ~~ पुरी तथा श्याम माया राई समेतको निजी नम्बरी जग्गा बाट नदिजन्य पदार्थ उत्खनन गर्ने सम्बन्धमा — प्रारम्भिक वातावरणीय परीक्षण IEE तयार भई पुनरावलोकन तथा स्वीकृतिको लागी जिल्ला समन्वय समिति उदयपुरमा पठाइएकोमा जिल्ला समन्वय समिति उदयपुरको च.नं. ४४६ मिति २०७५।११।०८ गतेको पत्र बाट उक्त (IEE) प्रतिवेदन पारित भई आएको हुँदा उक्त स्वीकृत IEE बमोजिम ~~हाल लाई~~ १४०६३.१० घ.मि. उत्खनन गर्न सकिने देखिएको हुँदा हाल लाई ५५०० घ.मि. उत्खनन गर्न दिने निर्णय गरियो। उक्त नदिजन्य पदार्थको नम्बा.ले तोके बमोजिमको राजस्व यस न.पा.मा बुझाई उत्खनन गर्नु पर्ने छ।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा नं. ३ को मंगलबारे बजारमा संचालन हुने भलिबल प्रतियोगिताको लागी न.पा.को खेलकुद शीर्षक बाट रु. ४०,०००।- चालीस हजार उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा. द्वारा ६९ औं प्रजातन्त्र दिवस २०७५ को अवसरमा सञ्चालित कार्यक्रमको खर्च अनुमोदन सहित भुक्तानी दिने निर्णय गरियो।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रधान राष्ट्रिय बेरी सम्मेलन सहयोगार्थ रु. १,००,०००।- (एक लाख)

उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को संस्कार संस्कृति संरक्षण प्रवर्द्धन शीर्षक बाट न.पा.जनप्रतिनिधि तथा कर्मचारी हरुको लागी ३ दिने तालिम संचालन गर्न रु.५०००००।- पाँच लाख विनियोजन गर्ने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८को साझा ~~सदन~~ भवन देखी उत्तर तर्फ आदर्श चोक सम्मको सडकमा ढल निकासको लागी तत्काल स्टीमेट गराई ~~पेश~~ आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो । साथै यस न.पा.का १० वटै वडामा १/१ वटा मुख्य बाटोको डि.पि.आर. गर्ने कार्यको लागी वडाले मुख्य बाटो छनौट गरी न.पा.मा पठाउने र उक्त छनौट भएका बाटो हरुको डि.पि.आरको लागी परामर्शदाता कन्सल्टेन्सी छनौट गरि आवश्यक डि.पि.आर गर्न गराउने निर्णय गरियो ।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा युनिक ब्याडमिन्टन क्लब खिजोईको माग निवेदन बमोजिम "दोस्रो उपमेयरकप खुल्ला ब्याडमिन्टन प्रतियोगिता-२०७५" को लागी यस न.पा.को खेलकुद शीर्षक बाट रु. १५०,०००।- एक लाख पचास हजार उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस न.पा.का विभिन्न वडा बाट आर्थिक सहयोगको लागी सिफारिस भई आएको हुँदा तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. जितन चौधरी वडा नं. ५ (आन्द्रा अप्रेशन) रु. १५,०००।-
२. मिन बहादुर कोइराला वडा नं.१ (प्रकाशन सहयोग) रु. २०,०००।-
३. टिका थापा वडा नं. ३ (मृगौला रोगी) रु. २०,०००।-

Mandh

४, केशरवती चौधरी वडा नं. ५ (क्यान्सर) रु. ५०,०००।-
५, अनिमा राई वडा नं. ४ (क्यान्सर) रु. ५०,०००।-
६, राम कुमारी राई वडा नं. ७ (क्यान्सर) रु. ५०,०००।-
७, दुर्गा बहादुर घले वडा नं. ४ (आन्द्रा घाउ) रु. १५,०००।-
८, प्रेमकुमार मगर वडा नं. ८ (मुटुरोगी) रु. ५०,०००।-

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा हरेक नागरिक संग स्थानीय सरकार भन्ने प्रत्यक्ष आभास हरेक नागरिकमा पुर्‍याउने उद्देश्य एवं विपन्न व्यक्तिहरुले आफ्ना परिवारका सदस्यहरुको मृत्यु हुँदा काजक्रिया गर्न समेत नसकेको अवस्थाहरु समेत रहेको पाइएकोले यस नगर क्षेत्रका ६० वर्ष माथिको जो सुकै नागरिकको मृत्यु भएमा काजक्रिया खर्च बापत ~~निज~~ मृतकको परिवारलाई रु. १०,०००।- दश हजार उपलब्ध गराउने निर्णय गरि। साथै यस संग सम्बन्धित कार्यविधि समेत तयार गरेर नगर सभा बाट अनुमोदन गर्ने गरि आजकै मिति बाट यस निर्णय लाई कार्यान्वयन गर्न यस न.पा.को औषधी-शीर्षक बाट तत्काललाई रु. ३,००,०००।- तीन लाख रकम विनियोजन गर्ने निर्णय गरियो।